नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

**झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सर्लाही जिल्ला स्थाई घर भई पञ्च कोलनी सितापाइला, काठमाण्डौ वस्ने राम किसोर प्रसाद समेत २८ जनाबाट रु. १,३२,४६,१२,५६५।- (अक्षेरुपी एक अर्व वत्तिस करोड छयासी लाख वाह्र हजार पाँच सय पैसठ्ठी मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।०९।१७ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

राम किसोर प्रसादले मोहन ट्रेड इन्टरनेशनल (स्था.ले.नं.६०३८४१७६५) लगायत विभिन्न २६ वटा फर्महरु कमजोर आर्थिक अवस्था भएका मजदुर लगायतका व्यक्तिको नाममा दर्ता गरि उक्त सवै फर्मको बैक खाता संचालन राम किशोर प्रसादले नै गरी विभिन्न फर्महरुको नाममा झुठ्ठा तथा नक्कली बिक्री बीजक जारी गरी आ.व. २०७१/०७२ देखि २०७४/०७५ सम्ममा मू.अ.कर तथा आयकर राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरी ऐ.ऐनको दफा ४ को (क),(ख), (ग),(घ) र (झ) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु. ४३,८१,८०,३७८।-, आयकर तर्फ रु.८६,५६,०१,७८५।-र लाभांश कर तर्फ रु. २,०८,३०,४०२।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु.१,३२,४६,१२,५६५।-(अक्षेरुपी एक अर्व वत्तिस करोड छयासी लाख वाह्र हजार पाँच सय पैसठ्ठी मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त फर्महरुको मुख्य कारोवारी राम किशोर प्रसाद समेत उक्त विभिन्न फर्मका प्रोप्राईटरु २८ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **१,३२,४६,१२,५६५।- (अक्षेरुपी एक अर्व वत्तिस करोड छयासी लाख वाह्र हजार पाँच सय पैसठ्ठी मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०९।१७ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**